**सारांश संस्करण**
(विदेशी भाषा संस्करण पनि उपलब्ध छ)

KAMEOKA CITY

# कामेओका सहरको
# फोहोर छुट्याउने र फाल्ने तरिका

## आधारभूत नियम

1. सङ्कलनको दिन बिहान 8:30 सम्ममा निर्धारित ठाउँमा राख्नुहोस्।
2. निर्धारित तरिका अनुसार वर्गीकरण गर्नुहोस्।
3. छिमेकीहरूलाई बाधा नपर्ने गरि फोहोर फाल्ने स्टेशनलाई सफासँग प्रयोग गर्नुहोस्।

* नियम पालना नगरिएको फोहोर सङ्कलन गरिने छैन।

## सहरमा निपटान गर्न सक्ने वस्तुहरू

| | |
|---|---|
| जलाउन मात्र सकिने फोहोर | कुहिने फोहोरहरू, कपडाहरू / छालाहरू अन्य |
| जमिन पुर्न मात्र सक्ने फोहोर | सिरेमिक / सिसाका वस्तुहरू, रबरका वस्तुहरू, धातुहरू (साना धातुहरू बाहेक), अन्य |
| रिसाइकल गर्न मिल्ने फोहोर | • प्लास्टिक • प्लास्टिक बोतल • लाइटर • ब्याट्री • रिचार्ज गर्न मिल्ने ब्याट्री<br>• खाली क्यान • स्प्रे क्यान • खाली बोतल • कागजहरू • घाँस • रूखहरू • साना धातुहरू<br>• मसी क्यासेट • पारोको थर्मोमिटर • पारोको रक्तचाप • स्टेनलेस बोतल<br>• सेतो ट्यूब • प्रयोग गरिसकेका साना घरेलु ईलेक्ट्रिक उपकरण<br>➡थप जानकारीको लागि सहर स्रोतसाधन चक्र प्रवर्तन विभाग (☎ 55-5305) मा सम्पर्क गर्नुहोस् |
| ठूलो फोहोर | फर्निचरहरू, घरेलु ईलेक्ट्रिक उपकरणहरू, खेलकुद र मनोरञ्जनका वस्तुहरू आदि |
| आफैले लिएर आउने वस्तु | अस्थायी थुप्रो फोहोर, इट्टा, कंक्रीट ब्लक, छत टाइल्स, मृत जनावरहरू<br>➡थप जानकारीको लागि सहर स्रोतसाधन चक्र प्रवर्तन विभाग (☎ 55-5305) मा सम्पर्क गर्नुहोस् |

## सहरमा निप्ट्याउन नसक्ने वस्तुहरू

| | |
|---|---|
| निप्ट्याउन गाह्रो हुने वस्तुहरू | कृषि उपकरण, निर्माण फोहोर, रसायन, फोहोर तेल, रङ्ग, फायरप्रूफ तिजोरी, पियानो, तेल हिटर, 50㎝ भन्दा लामो मृत जनावरहरू आदि |
| औद्योगिक फोहोर | व्यवसाय स्थानबाट उत्पादन हुने धातु, प्लास्टिकहरू आदि |

*माटो र बालुवा•ढुङ्गा आदि चाहिँ फोहोर होइन र सहरले लिन सक्दैन।

टिभी, फ्रिज, फ्रिजर, लुगा धुने मेसिन, लुगा ड्रायर, एयर कन्डिसनर

टायर, गाडीको पार्टपुर्जा, बटन ब्याट्री आदि

कम्प्युटर

अग्नि निरोधक साधन

मोटरसाइकल

## जलाउन मात्र सकिने फोहोर

**हप्तामा दुई पटक/स्टेशनमा सङ्कलन**

◎ तोकिएको फोहोर झोला (जलाउन मात्र सकिने फोहोर झोला) प्रयोग गर्नुहोस्। एक पटकमा लगभग 2 झोला सम्म फाल्न सक्नुहुन्छ।


◎ फोहोर छरपस्ट नहुने गरि फोहोर झोलाको मुख बलियोसँग बाँध्नुहोस् र झोलाबाट बाहिर निस्किने लामो वस्तुहरू झोलामा नहाल्नुहोस्।



| साइज | प्रति पाना |
|---|---|
| 40 ℓ | 40 येन |
| 30 ℓ | 30 येन |
| 20 ℓ | 20 येन |
| 10 ℓ | 10 येन |

### कुहिने फोहोर

खानाको बाँकी, तरकारीको टुक्रा, फलफूलका बोक्रा आदि




### कपडाहरू / छालाहरू

लुगा, झोला, छालाका जुत्ता, जुत्ता, टोपी, खेलौना आदि



### अन्य

फोहोर कागज, प्लास्टिक, डिस्पोजेबल डायपर आदि




* फोहोर नजाने चीजहरू

**पोइन्ट**

- पर्दा र कार्पेटहरू आदि लम्बाइ र चौडाइ 50㎝ वा सोभन्दा कममा काट्नुहोस्।
- डोरीहरू 3m वा सोभन्दा कममा काट्नुहोस्।




## जमिन पुर्न मात्र सक्ने फोहोर

**महिनामा दुई पटक/स्टेशनमा सङ्कलन**

◎ तोकिएको फोहोर झोला "जमिन पुर्न मात्र सक्ने फोहोर झोला" प्रयोग गर्नुहोस्। एक पटकमा लगभग 2 झोला सम्म फाल्न सक्नुहुन्छ।


◎ फोहोर छरपस्ट नहुने गरि फोहोर झोलाको मुख बलियोसँग बाँध्नुहोस् र लामो वस्तुहरू झोलाबाट बाहिर ननिस्किने गरि राख्नुहोस् **(छाता र सेतो ट्यूब बाहेक)**।



| साइज | प्रति पाना |
|---|---|
| 30 ℓ | 30 येन |
| 15 ℓ | 15 येन |

### धातुहरू (साना धातुहरू बाहेक)


चक्कुहरू, कैंची, खाना र पेय पदार्थहरू बाहेकको क्यान आदि




* खाली क्यानमा सीमित।

**पोइन्ट**

- चक्कुहरू टेपले बेरेर तोकिएको फोहोर झोलामा "⚠" लागाउनुहोस्।



### सिरेमिक / सिसाका वस्तुहरू

सिसा, प्लेट, कप, गमला, ऐना, कस्मेटिक्स, औषधिको बोतल, बत्ती बल्ब आदि



### रबरका वस्तुहरू

बूट जुत्ता, नली, रबर स्यान्डल, रबर बल आदि



**पोइन्ट**

- नली र डोरीहरू आदि 150cm वा सोभन्दा कममा काट्नुहोस्।




### अन्य

प्रयोग गरिसकेको घरेलु ईलेक्ट्रिक उपकरण



**पोइन्ट**

- तोकिएको फोहोर झोलामा हाल्न नमिल्ने वस्तुहरू ठूलो फोहोरको रूपमा फाल्नुहोस्।

# रिसाइकल गर्न मिल्ने फोहोर



## प्लास्टिक हप्तामा एक पटक/स्टेशनमा सङ्कलन

**लक्षित वस्तु**

प्लास्टिक बाट बनेको वस्तु

◎करिब 10ℓ देखि 45ℓ को सामान देखिने पारदर्शक झोलामा हालेर फाल्नुहोस्।

* कुनै तोकिएको फोहोर झोला छैन।

◎ प्लास्टिक बोतलहरू र घरेलु ईलेक्ट्रिक उपकरणहरू समावेश हुँदैन।



### बोतलहरू

श्याम्पू, खाना पकाउने तेल, डिटर्जेन्ट (कपडा धुन र भान्छाकोठाका लागि), ड्रेसिङ आदिको बोतलहरू




* प्लास्टिक बोतलहरू समावेश हुँदैन।


### कपहरू

इन्सटान्ट खाना, जेली आदिको कप




### प्याकहरू

अण्डाको प्याक, कोन्बिनीएन्स स्टोरको लंच बक्स, तयारी खानाको प्याक आदि




### झोला र र्‍यापहरू

मिठाईको झोला, ताजा खानालाई बेर्ने र्‍याप, फलफूलको नेट, किनमेल झोला आदि





### ट्रेहरू

मासु, माछा, साइड डिश आदिको ट्रे




### प्याकिङ सामग्री

पोलीट्रीन, एयर कुशन



### अन्य


प्लास्टिक बोतल आदिको बिर्को र लेबल आदि




*खानेकुरा सँगै नफाल्नुहोस्।

### प्लास्टिकका वस्तुहरू

खेलौना, स्टेशनरी, ह्याङ्गर, प्लास्टिकको बाल्टिन, टुथब्रस, सीडी, डीभिडी र त्यसका केसहरू आदि



**पोइन्ट**

- अधिकांश प्लास्टिकबाट बनेका वस्तुहरू लक्षित वस्तुहरू हुन्।
- लम्बाइ 50cm वा सोभन्दा कम भएका र करिब 45ℓ को झोलामा हाल्न मिल्ने वस्तुहरू लक्षित वस्तुहरू हुन्।


### उचित रिसाइकलको लागि नोटहरू





- टाँसिएको खानालाई हटाउनुहोस्।



- फोहोर भएको वस्तुहरू हल्का पखाल्नुहोस्।



- झोला डबल नगर्नुहोस्।




- बिर्को र लेबल सकेसम्म निकाल्नुहोस्।

## प्लास्टिक बोतल **महिनामा दुई पटक/स्टेशनमा सङ्कलन**

PET


**लक्षित वस्तु**

बायाँको चिन्ह भएको जुस, रक्सी, सिजनिङ आदिका खाना र पेय पदार्थका प्लास्टिकको बोतलहरू

◎ भित्रको सामान देखिने झोलामा हालेर फाल्नुहोस्।

* कुनै तोकिएको फोहोर झोला छैन।

**पोइन्ट**




- बिर्को र लेबल निकाल्नुहोस्।
- भित्र हल्का पखाल्नुहोस्।
- सकेसम्म थिच्नुहोस्।
- भित्रको सामान देखिने झोलामा हालेर फाल्नुहोस्।

*** बिर्को र लेबल प्लास्टिकको रूपमा फाल्नुहोस्।**

## लाइटर **महिनामा दुई पटक/स्टेशनमा सङ्कलन**

**लक्षित वस्तु**

लाइटर



◎ भित्रको सामान देखिने झोलामा हालेर फाल्नुहोस्।

◎ पूरै प्रयोग गरिसकेपछि फाल्नुहोस्।



**स्प्रे क्यान र रिचार्ज गर्न मिल्ने ब्याट्रीहरू सजिलै सल्कन्छ र धेरै खतरनाक हुन्छन् त्यसैले जमिन पुर्न मात्र सक्ने फोहोरको रूपमा कहिल्यै नफाल्नुहोस्।**





## ड्राइ सेल ब्याट्री / रिचार्ज गर्न मिल्ने ब्याट्री **महिनामा दुई पटक/स्टेशनमा सङ्कलन**

**लक्षित वस्तु**

म्यांगनीज ब्याट्रीहरू, क्षारीय ब्याट्रीहरू, रिचार्ज गर्न मिल्ने ब्याट्रीहरू, लिथियम सिक्का ब्याट्रीहरू (मोडेल कोड CR र BR)





*** लिथियम सिक्का ब्याट्रीहरू सङ्कलन गरिनेछ।**




*** बटन ब्याट्रीहरू सङ्कलन गरिँदैन।**

◎ भित्रको सामान देखिने झोलामा हालेर फाल्नुहोस्।

◎ बटन ब्याट्रीहरू (मोडेल कोड SR, LR र PR) इलेक्ट्रोनिक्स पसल, घडी पसल र क्यामेरा पसल जस्ता पसलहरूको सङ्कलनमा दिनुहोस्।

◎ रिचार्ज गर्न मिल्ने ब्याट्रीहरूलाई फाल्नु अघि सम्पर्क-विच्छेद गर्नुहोस्।



कनेक्ट गर्ने भागलाई प्लास्टिकको टेपले ढाक्नुहोस्

## खाली क्यान (खाना र पेय पदार्थको लागि)•स्प्रे क्यान

**महिनामा दुई पटक/स्टेशनमा सङ्कलन**

**लक्षित वस्तु**

खाना र पेय पदार्थहरू पहिला रहेको क्यानहरू सङ्कलनका लागि लक्षित छन्।

आल्मुनियम

स्टील




● खाना र पेय पदार्थको लागि बाहेकको खाली क्यान "जमिन पुर्न मात्र सक्ने फोहोर" को रूपमा फाल्नुहोस्।

◎ भित्र रहेको कुनै पनि कुरा बाँकी नराखि पानीले हल्का पखाल्नुहोस्।

◎ बेसरी नथिच्नुहोस्।

◎ स्प्रे क्यानहरू सकेसम्म पूरै प्रयोग गरिसकेपछि फाल्नुहोस् (किला आदिले प्वाल पार्न आवश्यक छैन)।

◎ स्प्रे क्यानको प्लास्टिकको ढक्कन निकाल्नुहोस् र त्यसलाई प्लास्टिकको रूपमा फाल्नुहोस्।




खाली क्यान · स्प्रे क्यानहरूको लागि सङ्कलन नेट

## खाली बोतलहरू (खाना र पेय पदार्थहरूको लागि)


**महिनामा दुई पटक/स्टेशनमा सङ्कलन**



**लक्षित वस्तु** जुस, बियर, रक्सी, सिजनिङ आदिका खाना र पेय पदार्थका बोतलहरू




● खाना र पेय पदार्थको लागि बाहेकको खाली बोतलहरू (कस्मेटिक्स, औषधिका बोतलहरू आदि) र कप, सिसाका वस्तुहरू आदि "जमिन पुर्न मात्र सक्ने फोहोर" को रूपमा फाल्नुहोस्।



◎ढक्कन "जमिन पुर्न मात्र सक्ने फोहोर" को रूपमा फाल्नुहोस्।

◎रङ्गहीन बोतलहरू सेतोमा, खैरो बोतलहरू खैरोमा र अन्य रङ्गका बोतलहरू कालो कन्टेनरमा हाल्नुहोस्।

**खाली बोतलहरूलाई रङ्ग अनुसार प्रत्येक कन्टेनरमा राख्नुहोस्**



रङ्गहीनको लागि कन्टेनर



खैरोको लागि कन्टेनर



अन्य रङ्गहरूको लागि कन्टेनर

**\यो अपराध हो/**

**रिसाइकल गर्न मिल्ने फोहोर लैजानु निषेध छ!**

**फोहोर स्टेशनबाट "रिसाइकल गर्न मिल्ने फोहोर" कहिल्यै लैजाने नगर्नुहोस्।**



## कागज महिनामा एक पटक/स्टेशनमा सङ्कलन

**लक्षित वस्तु**

• अखबार • पत्रिका • कार्डबोर्ड
• विविध कागज • टुक्रा परेको कागज

◎ वर्षाको दिनमा पनि फाल्न सकिन्छ।
◎ प्लास्टिक झोला (45ℓ वा सोभन्दा कम) टुक्रा परेको कागजको लागि मात्र प्रयोग गर्न सकिन्छ।
◎प्लास्टिकको वा कागजको डोरी प्रयोग गर्नुहोस्।

### अखबार • पत्रिका • कार्डबोर्ड




डोरीले बाँध्ने




डोरीले बाँध्ने





डोरीले बाँध्ने

### विविध कागज



डोरीले बाँध्ने / कागजको झोला

### टुक्रा परेको कागज



प्लास्टिक झोला

## घाँस • रूखहरू महिनामा एक पटक/स्टेशनमा सङ्कलन

**लक्षित वस्तु** काटेको घाँस • झरेका पातहरू • काटिएका हाँगाहरू • काँचो रूखहरू • काठहरू (लम्बाइमा 50㎝ र मोटाईमा 10㎝ वा सोभन्दा कममा सीमित)

### काटेको घाँस • झरेका पातहरू

◎ 45ℓ वा सोभन्दा कमको भित्रको सामान देखिने पारदर्शक झोलामा फाल्नुहोस्।


* कुनै तोकिएको फोहोर झोला छैन।



### काटिएका हाँगाहरू • काँचो रूखहरू • काठहरू

**बाँध्दा**


◎ लम्बाइमा 50㎝ र मोटाईमा 10㎝ भित्र बन्डल मोटाई लगभग 30㎝ भित्र हुनुपर्छ।



**झोलामा हाल्दा**

◎ 15ℓ वा सोभन्दा कमको भित्रको सामान देखिने पारदर्शक झोला।

* कुनै तोकिएको फोहोर झोला छैन।



### उचित रिसाइकलको लागि नोटहरू

● **एउटै झोलामा घाँस र रूखहरू नहाल्नुहोस्।**

● बाँस, फूल वा फल भएका चीजहरू **"जलाउन मात्र सकिने फोहोर"** को रूपमा फाल्नुहोस्




## साना धातुहरू

**महिनामा दुई पटक/स्टेशनमा सङ्कलन**

**लक्षित वस्तु**

भान्साकोठाका सामानहरू र दैनिक जीवनका सामानहरू जस्ता साना धातुहरू (लम्बाइमा 50㎝ वा सोभन्दा कममा सीमित)




◎ फोहोर स्टेशनमा राखिएको **सुन्तला रङ्गको कन्टेनर** मा।

◎ खतरा कुराहरूमा ध्यान दिनुहोस् र धारिलो भागहरू टेपले बेर्ने आदि गर्नुहोस्।


### भान्साकोठाका सामानहरू

कराही・ केतली・ फ्राइङ प्यान आदि



### भाँडाहरू


चम्चा・काँटा・चक्कु आदि



* टेबलमा प्रयोग गर्न सकिने चक्कुहरूको किसिम मात्र।

### फलामे औजार


स्क्रू ड्राइभर・ पेन्चिस आदि




* इलेक्ट्रोनिक उपकरणहरू समावेश हुँदैन।

### अन्य

फलामको तार ह्याङ्गरहरू・ धातुका खेलौनाहरू आदि






**पोइन्ट**

- **अधिकांश धातुबाट बनेका वस्तुहरू सङ्कलन गर्न सकिन्छ।**
- चक्कुहरू (टेबलमा प्रयोग गर्ने किसिमको बाहेक) "जमिन पुर्न मात्र सक्ने फोहोर" हो।

※अन्य **लम्बाइ 50㎝ भन्दा बढीका वस्तुहरू लागू हुँदैन।**





## ठूलो फोहोर

**कुनै पनि समयमा (आवेदन)/तोकिएको स्थानमा सङ्कलन**



तोकिएको फोहोर झोलामा हाल्न नमिल्ने ठूला सामानहरूलाई "ठूलो फोहोर" को रूपमा वर्गीकृत गरिन्छ। प्रत्येक वस्तुको लागि शुल्क लाग्छ।

**Step 1** सङ्कलनको लागि आवेदन गर्ने

**तलको नम्बरमा फोन गरेर सङ्कलनको लागि आवेदन गर्नुहोस्।**

सार्वजनिक हित फाउन्डेसन **कान्क्यो कामेओका ☎27-3393**

[सोधपुछ] सोमबार देखि शुक्रबार (बिदा, वर्षको अन्त्य र नयाँ वर्ष बिदा बाहेक) बिहान 8:30 देखि साँझ 5:00 सम्म

**Step 2** शुल्क टिकट खरिद गर्नुहोस्

आवश्यक शुल्क टिकट खरिद गर्नुहोस्।




← मूल्य र स्टिकर बेच्ने पसलहरू जाँच गर्न यहाँ हेर्नुहोस्

**Step 3** शुल्क टिकट टाँस्नुहोस्

**Step 4** तोकिएको दिनमा सङ्कलन गर्ने ठाउँमा राख्नुहोस्

**सङ्कलनको लागि अनलाइनमा पनि आवेदन गर्न सक्नुहुन्छ।**

(अनलाइन भुक्तानी गर्न सकिन्छ)

## नियमित सङ्कलन फोहोरको नगर अनुसारको सङ्कलन तालिकाहरूको सूची

फोहोर वर्गीकरण गर्न अलमल परेमा...

कामेओका फोहोर वर्गीकरण गर्नको शब्दकोष खोज्ने

(जापानी भाषा मात्र)

*उदाहरणका लागि "तेस्रो बुधबार" भनेको त्यो महिनाको तेस्रो बुधबार हो।

*तालिका वर्षको अन्त र नयाँ वर्षको बिदाहरूमा परिवर्तन हुन सक्छ। सार्वजनिक बिदामा पनि सङ्कलन गरिन्छ।

***सङ्कलन गर्ने दिन बिहान 8:30 सम्ममा "फोहोर स्टेशन" मा राख्नुहोस्।**

<table>
<tr><th rowspan="2">नगरको नाम</th><th rowspan="2">जलाउन मात्र सकिने फोहोर</th><th>जमिन पुर्न मात्र सक्ने फोहोर</th><th colspan="5">रिसाइकल गर्न मिल्ने फोहोर</th></tr>
<tr><th>ड्राइ सेल ब्याट्री लाइटर</th><th>प्लास्टिक</th><th>कागजहरू</th><th>घाँस• रूखहरू</th><th>प्लास्टिक बोतल</th><th>खाली क्यानहरू स्प्रे क्यान खाली बोतल साना धातुहरू</th></tr>
<tr><td>आसाहिचो</td><td rowspan="5">मंगलबार / शुक्रबार</td><td rowspan="5">दोस्रो बुधबार / चौथो बुधबार</td><td rowspan="3">सोमबार</td><td rowspan="5">तेस्रो बुधबार</td><td rowspan="5">पहिलो बुधबार</td><td rowspan="5">पहिलो शुक्रबार / तेस्रो शुक्रबार</td><td rowspan="5">पहिलो बिहीबार / तेस्रो बिहीबार</td></tr>
<tr><td>उमाजीचो</td></tr>
<tr><td>चितोसेचो</td></tr>
<tr><td>कावाराबायाशीचो</td><td rowspan="2">बुधबार</td></tr>
<tr><td>होजुचो</td></tr>
<tr><td>चियोकावाचो</td><td rowspan="5">सोमबार / बिहीबार</td><td rowspan="2">पहिलो बुधबार / तेस्रो बुधबार</td><td>मंगलबार</td><td>चौथो शुक्रबार</td><td>दोस्रो शुक्रबार</td><td>दोस्रो बुधबार / चौथो बुधबार</td><td>दोस्रो मंगलबार / चौथो मंगलबार</td></tr>
<tr><td>ओइचो</td><td>शुक्रबार</td><td>चौथो मंगलबार</td><td>दोस्रो मंगलबार</td><td>दोस्रो बिहीबार / चौथो बिहीबार</td><td>दोस्रो बुधबार / चौथो बुधबार</td></tr>
<tr><td>कामेओका जिल्ला पूर्व</td><td rowspan="3">दोस्रो बुधबार / चौथो बुधबार</td><td rowspan="3">बुधबार</td><td>तेस्रो शुक्रबार</td><td>पहिलो शुक्रबार</td><td>पहिलो बुधबार / तेस्रो बुधबार</td><td>पहिलो मंगलबार / तेस्रो मंगलबार</td></tr>
<tr><td>कामेओका जिल्ला मध्यभाग</td><td>तेस्रो बुधबार</td><td>पहिलो बुधबार</td><td>पहिलो शुक्रबार / तेस्रो शुक्रबार</td><td>पहिलो बिहीबार / तेस्रो बिहीबार</td></tr>
<tr><td>कामेओका जिल्ला पश्चिम</td><td>तेस्रो बिहीबार</td><td>पहिलो बिहीबार</td><td>पहिलो मंगलबार / तेस्रो मंगलबार</td><td>पहिलो शुक्रबार / तेस्रो शुक्रबार</td></tr>
<tr><td>शिनोचो I</td><td rowspan="9">मंगलबार / शुक्रबार</td><td rowspan="2">पहिलो बुधबार / तेस्रो बुधबार</td><td>बिहीबार</td><td>चौथो बुधबार</td><td>दोस्रो बुधबार</td><td>दोस्रो शुक्रबार / चौथो शुक्रबार</td><td>दोस्रो बिहीबार / चौथो बिहीबार</td></tr>
<tr><td>शिनोचो II</td><td>सोमबार</td><td>तेस्रो मंगलबार</td><td>पहिलो मंगलबार</td><td>पहिलो बिहीबार / तेस्रो बिहीबार</td><td>पहिलो बुधबार / तेस्रो बुधबार</td></tr>
<tr><td>हिगाशी च्युच्युजिगाओका</td><td rowspan="7">दोस्रो बुधबार / चौथो बुधबार</td><td>बिहीबार</td><td>चौथो मंगलबार</td><td>दोस्रो मंगलबार</td><td>दोस्रो बिहीबार / चौथो बिहीबार</td><td>दोस्रो बुधबार / चौथो बुधबार</td></tr>
<tr><td>निशि च्युच्युजिगाओका</td><td rowspan="6">बुधबार</td><td>तेस्रो शुक्रबार</td><td>पहिलो शुक्रबार</td><td>पहिलो बुधबार / तेस्रो बुधबार</td><td>पहिलो मंगलबार / तेस्रो मंगलबार</td></tr>
<tr><td>मिनामि त्सुत्सुजिगाओका</td><td rowspan="5">चौथो बिहीबार</td><td rowspan="5">दोस्रो बिहीबार</td><td rowspan="5">दोस्रो मंगलबार / चौथो मंगलबार</td><td rowspan="5">दोस्रो शुक्रबार / चौथो शुक्रबार</td></tr>
<tr><td>हिगाशी होन्मेचो</td></tr>
<tr><td>होन्मेचो</td></tr>
<tr><td>मियामाएचो</td></tr>
<tr><td>हातानोचो</td></tr>
<tr><td>योशिकावाचो</td><td rowspan="3">सोमबार / बिहीबार</td><td rowspan="3">पहिलो बुधबार / तेस्रो बुधबार</td><td rowspan="2">शुक्रबार</td><td>चौथो बुधबार</td><td>दोस्रो बुधबार</td><td>दोस्रो शुक्रबार / चौथो शुक्रबार</td><td>दोस्रो बिहीबार / चौथो बिहीबार</td></tr>
<tr><td>हिएदानोचो</td><td>चौथो शुक्रबार</td><td>दोस्रो शुक्रबार</td><td>दोस्रो बुधबार / चौथो बुधबार</td><td>दोस्रो मंगलबार / चौथो मंगलबार</td></tr>
<tr><td>सोगाबेचो</td><td>मंगलबार</td><td>तेस्रो बिहीबार</td><td>पहिलो बिहीबार</td><td>पहिलो मंगलबार / तेस्रो मंगलबार</td><td>पहिलो शुक्रबार / तेस्रो शुक्रबार</td></tr>
<tr><td>हिगाशी बेच्युइन्चो</td><td>मंगलबार / शुक्रबार</td><td>दोस्रो बुधबार / चौथो बुधबार</td><td>बुधबार</td><td>तेस्रो शुक्रबार</td><td>पहिलो शुक्रबार</td><td>पहिलो बुधबार / तेस्रो बुधबार</td><td>पहिलो मंगलबार / तेस्रो मंगलबार</td></tr>
<tr><td>निशि बेत्तुइन्चो</td><td rowspan="2">सोमबार / बिहीबार</td><td>पहिलो बुधबार / तेस्रो बुधबार</td><td>शुक्रबार</td><td>तेस्रो मंगलबार</td><td>पहिलो मंगलबार</td><td>पहिलो बिहीबार / तेस्रो बिहीबार</td><td>पहिलो बुधबार / तेस्रो बुधबार</td></tr>
<tr><td>कामेओका स्टेशन उत्तर</td><td>दोस्रो बुधबार / चौथो बुधबार</td><td>बुधबार</td><td>तेस्रो बुधबार</td><td>पहिलो बुधबार</td><td>पहिलो शुक्रबार / तेस्रो शुक्रबार</td><td>पहिलो बिहीबार / तेस्रो बिहीबार</td></tr>
</table>

| | |
|---|---|
| कामेओका जिल्ला पूर्व | मियाकेचो, हिगाशी ताच्युचो, निशी ताच्युचो, च्युकिनुकेचो, योकोचो, कोसेचो, किटा कोसेचो, कामियादाचो, नाकायादाचो |
| कामेओका जिल्ला मध्यभाग | कोन्यामाची, अरात्सुकाचो, नांगोचो, निशिमाची, उचिमारुचो, ओइडवाकेचो, कितामाची, क्योमाची, गोफुकुमाची, हातागोमाची, शिनमाची, यादामाची, शिमोयादाचो, शिओयामाची, यानागीमाची, होनमाची |
| कामेओका जिल्ला पश्चिम | कावारामाची, आमारुबेचो, उत्सुनेचो, टोकीवाचो, किताकावारामाची, यासुमाची |
| शिनोचो I | कासेबारा (निशिकावाको पश्चिम तिर), जोबोजी, हिरोटा 1 चोमे देखि 3 चोमे, मोरी |
| शिनोचो II | कासेबारा (निशिकावाको पूर्व तिर), ओजी, शिनो, युहिगाओका 1 चोमे देखि 3 चोमे, यामामोटो, नोजो, मिहारु 1 चोमे देखि 7 चोमे, उमाहोरी, उमाहोरी स्टेशन माए 1 चोमे देखि 2 चोमे |


**फोहोर र रिसाइकलको बारेमा सम्पर्क ठेगाना**

**कामेओका सहर वातावरणीय रूपमा उन्नत सहर प्रवर्द्धन विभाग स्रोतसाधन चक्र प्रवर्तन विभाग**

**〒621-8501 क्योतो-फु कामेओका सहर यासुमाची नोनोगामी 8**

**☎ : 55-5305 FAX : 22-3809 E-Mail : kankyo-jigyou@city.kameoka.lg.jp**



अप्रिल, सन् 2023 (रेईवा 5) जारी